सुनछहरी गाउँपालिका

# शिक्षक अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०७६

**सुनछहरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

पोवाङ रोल्पा

कार्यपालिकावाट स्विकृत मिति २०७६।०५।२७ गते

# शिक्षक अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०७६

प्रस्तावना – शिक्षामा सवै वर्ग र समुदायका व्यक्तिहरूको सहज पहुच पुरायाउन र शिक्षालाइ सर्वसुलभ, व्यवस्थित र मर्यादित वनाउन गाउपालिका भित्र क्रमश गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जाने उदेश्यले सुनछहरी गाउपालिका क्षेत्र भित्र प्रचलित कानुन अनुसार स्वीकृती प्राप्त गरी संचालनमा रहेका सामुदायिक विधालयहरूको पठन पाठनमा थप सहयोग पुरायाउन वितरण गरिने शिक्षक अनुदान रकम वितरण र व्यवस्थापन कार्यलाइ थप व्यवस्थित वनाउन र एकरूपता कायम गर्नकालागि यस शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका २०७६ जारी गरीएको छ ।

परिच्छेद -१

प्रारम्भिक

१ सक्षिंप्त नाम र प्रारम्भ –

क) यो कार्यविधिको नाम शिक्षक अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ रहनेछ ।

ख) यो निर्देशिका तुरून्त लागु हुनेछ ।

२ परिभाषा – विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

- क. कार्यविधि भन्नाले अनुदान वितरण तथा शिक्षक व्यवस्थापन कार्यविधि २०७६ सम्झनुपर्छ ।
- ख. मा.वि. भन्नाले ९-१० वा ९-१२ संचालन भएको विधालय सम्झनुपर्छ ।
- ग. आधारभुत ( नि.मा.वि.) भन्नाले ६ – ८ सम्म संचालन भएको विधालय सम्झनुपर्छ ।
- घ. विधालय व्यवस्थापन समिति भन्नाले विधालयको विकासको लागि नियमनुसार गठन भएको विधालय व्यवस्थापन समिति लाइ सम्झनुपर्छ ।
- ङ. शिक्षक अभिवाभक संघ भन्नाले विधालयको शैक्षिक गुणस्तर विकासको लागि नियम अनुसार गठन भएको शिक्षक अभिवाभक संघलाइ सम्झनुपर्छ ।
- च. सामाजिक परिक्षण समिति भन्नाले विधालयको सम्पुर्ण पक्षको आन्तरीक परीक्षण गर्न नियमअनुसार गठन भएको सामाजिक परीक्षण समिति लाइ सम्झनुपर्छ ।
- छ. प्रधानध्यापक भन्नाले विधालयको शैक्षिक तथा प्रशासनिक प्रमुखलाइ सम्झनुपर्छ ।
- ज. शिक्षक भन्नाले विधालयको प्रा.वि. तह देखी मा.वि. तह सम्म अध्यापन गर्ने व्यक्तिलाइ सम्झनुपर्छ र सो शव्दले प्र.अ.समेतलाइ जनाउदछ ।

झ. गाउपालिका भन्नाले सुनछहरी गाउपालिकालाइ सम्झनुपर्छ ।

ञ. कर्मचारी भन्नाले विधालयलाइ शिक्षा विकास तथा समन्वय इकाइवाट प्राप्त दरवन्दी र अनुदान तथा विधालयले आफ्नो आवश्यकता अनुसार दरवन्दि सिर्जना गरी नियुक्त गरेको लेखापाल कार्यलय सहायक , कार्यलय सहयोगी,लाइव्रेयिन ,चौकिदार र स्विपर ( सफाइकर्मि) लाइ सम्झनुपर्छ ।

ट. अभिवाभक भन्नाले विधालयमा अध्यनरत विधार्थिको अभिवाभक भनि विधालयको अभिलेखमा जनिएको  व्यक्ति वावु आमा वाजे वज्यै धर्म वावु धर्म आमा र त्यस्ता अभिवाभक नभएको हकमा विधार्थीलाइ प्रचलित कानुन अनुसार सरंक्षक प्रदान गर्ने व्यक्ति सम्झनु पर्छ ।

ठ. सम्वन्धित निकाय भन्नाले सुनछहरी गाउपालिका , शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश शिक्षा निर्देशानलय मानव स्रोत विकास केन्द्र र शिक्षा संग सम्वन्धित संघिय तथा प्रदेश मन्त्रालयलाइ प्रसंग अनुसार समझनुपर्छ ।

ड. अनुदान भन्नाले गाउँपालिकाको विधालयमा शिक्षक तथा कर्मचारी अभाव पुर्ति गर्न विधालयमा स्थायी दरवन्दि सिर्जना नहुञ्जेल सम्मकालागि मात्र उपल्वध गराएको अनुदान रकम सम्झनुपर्छ।

३ उदेश्य – सुनछहरी गाउँपालिका गाउँपालिका भित्रका मा.वि. आ.वि.( नि.मा.वि.) तथा प्रा.वि. तह संचालन भएका तर दरवन्दि वा शिक्षक अनुदान नपाएका र एक दरवन्दि वा शिक्षक अनुदान मात्र पाएका विधालयको पठन पाठनलाइ प्रभावकारी रूपमा संचालन गर्नका लागि सहयोग पुरायाउन आवश्यक भएकोले शिक्षक अनुदान वितरण तथा व्यवस्थापन निर्देशिका २०७६ तर्जुमा गरिएको छ ।

## परिच्छेद -२

### शिक्षक अनुदान र शैक्षिक योग्यता

४ शिक्षक अनुदान वितरण – सुनछहरी गाउपालिकावाट शिक्षक अनुदानको लागि विनियोजित रकमको परिधि भित्र रहि प्रचलित कानुन अनुसार स्वीकृत प्राप्त सामुदायिक विधालयलाइ देहायका आधारमा शिक्षक अनुदान रकम उपल्वध गराउन सकिनेछ ।

क मा.वि. तह संचालन भएको तर उकत तहको दरवन्दी वा शिक्षक अनुदान नपाएका विधालयलाइ वढीमा दुइ जना माध्यमिक तहका शिक्षकका लागि ।

ख. मा.वि. तह संचालन भएको तर उकत तहको  एक दरवन्दी वा शिक्षक अनुदान पाएका विधालयलाइ वढीमा एक जना माध्यमिक तहका शिक्षकका लागि ।

ग. आधारभुत तह ६ – ८  संचालन भएको तर उकत तहको दरवन्दी वा शिक्षक अनुदान नपाएका विधालयलाइ वढीमा दुइ जना आधारभुत तहका शिक्षकका लागि ।

घ.  आधारभुत तह ६ – ८  संचालन भएको तर उकत तहको एक मात्र दरवन्दी वा शिक्षक अनुदान पाएका विधालयलाइ उक्त तहको  वढीमा एक जना आधारभुत तहका शिक्षकका लागि ।

ङ. प्रा.वि. तह कक्षा  १ – ५  संचालन भएको तर उकत तहको दरवन्दी वा शिक्षक अनुदान नपाएका विधालयलाइ उक्त तहको वढीमा दुइ जना प्रा.वि. तहका शिक्षकका लागि ।

च. प्रा.वि. तह कक्षा  १ – ५  संचालन भएको तर उकत तहको एक मात्र दरवन्दी वा शिक्षक अनुदान पाएका विधालयलाइ उक्त तहको वढीमा एक जना प्रा.वि. तहका शिक्षकका लागि ।

छ. शिक्षक अनुदानका लागि विधालयको छनौट गर्दा तह अनुसार कम्तिमा पैतिस जना र पुरै तह संचालन नभएको विधालयको हकमा एउटा कक्षामा विस जना विधार्थी भएको विधालय छनौट गर्नुपर्नेछ र त्यस्तो विधालयलाइ सम्वन्धित तहको एक जना शिक्षकका लागि अनुदान दिन सकिनेछ ।

५ शैक्षिक योग्यता – अनुदान रकमवाट भर्ना हुने शिक्षकको आवश्यक शैक्षिक योग्यता संघिय शिक्षा एन तथा नियमावलि वमोजिम हुनेछ ।

६ उम्मेदवारको योग्यता – शिक्षक भर्ना गर्दा उम्मेदवार हुन आवश्यक अन्य योग्यता संघिय शिक्षा एन तथा नियमावलि अनुसार हुनेछ ।

## परिच्छेद -३

### पदपुर्ति र नियुक्ति

७ पदपुर्ति  ७.१. शिक्षक दरवन्दि नभएको वा दरवन्दि अपुग भएको विधालयमा शिक्षा शाखाको सिफारिसमा गाउँकार्यपालिकाको निर्णय अनुसार शिक्षक अनुदान उपल्वध गराइनेछ ।

७.२ गाउँपालिकावाट शिक्षक अनुदानको रकम र संख्या निर्धारण भएको पत्र प्राप्त भएपछि सम्वन्धित विधालयले अंग्रेजि, विज्ञान र गणीत मध्ये आवश्यकता अनुसार विषय शिक्षक पद प्रतियोगिता प्रतिस्पर्धात्मक प्रचलित कानुन अनुसार निर्धारीत प्रक्रिया पुरायाइ छनौट गर्नुपर्नेछ । प्रतिस्पर्धावाट छनौट भइ अध्यापनरत विषय मिल्दो शिक्षकलाइ निरन्तर दिन सक्नेछ ।

तर आधारभुत तह कक्षा १ – ५ मात्र संचालन भएको विधालयको हकमा विधालयले आफ्नो आवश्यकता अनुसारको विषय शिक्षक छनौट गर्न वाधा पर्ने छैन ।

७.४ विधालयलाइ आवश्यक शिक्षकको पद संख्या आवश्यक योग्यता ( विषयगतका हकमा विषय समेत उल्लेख गरी ) परिक्षा हुने मिति समय र स्थान सहित अन्य विवरण खुलाइ कम्तिमा पन्ध्र दिनको म्याद दिइ स्थानिय पत्रपत्रिकामा सुचना प्रकाशन गर्नुपर्नेछ र उक्त सुचनाको एक प्रति गाउपालिकामा समेत पठाउनु पर्नेछ ।

७.५ प्रकाशित विज्ञापनमा तोकिएको म्याद भित्र पर्न आएका दरखास्त उपर प्रारम्भिक छानविन गरि आवश्यक न्युनतम  योग्यता पुगेका उम्मेदवारहरूलाइ मात्र थप परिक्षामा सामेल गराइ प्रचलित कानुन अनुसार शिक्षक पदमा नियुक्तिकालागि उपयुक्त उम्मेदवार छनौट गर्नुपर्नेछ ।

७.६ गाउँपालिकाको अनुदान प्राप्त शिक्षक पदपुर्तिकालागि देहाय वमोजिमको शिक्षक छनौट समिति रहनेछ

क. विधालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य – अध्यक्ष

ख. गाउ शिक्षा अधिकृत वा निजले तोकेको अधिकृत – सदस्य

ग. गाउ प्रमुखले तोकेको सम्वन्धित विषय विज्ञ २ जना – सदस्य

घ. सम्वन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य – सदस्य

ङ सम्वन्धित विधालयको प्र.अ. वा निजले तोकेको शिक्षक – सदस्य सचिव

७.७ शिक्षक छनौट समितिको पदावधि सम्वन्धित पदपुर्ति कार्य समाप्त भए पछि स्वत समाप्त हुनेछ ।

७.८ शिक्षक छनौट समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

क शिक्षक सेवा आयोगले तोकेको पाठयक्रम अनुसार लिखित परिक्षाका प्रश्न पत्र तयार गर्ने लिखित परिक्षा संचालन गरी उत्तिर्ण उम्मेदवारहरूको अन्तरवार्ता लिने ।

ख. सफल उम्मेदवारलाइ नियुक्तिको लागि विधालय व्यवस्थापन समिति समक्ष सिफारीस गर्ने ।

ग. सिफारीस भएका र वैकल्पिक उम्मेदवारहरूको नामावली गाउ शिक्षा शाखामा पेश गर्ने ।

घ परिक्षा सम्वन्धि अन्य कार्य गर्ने ।

८ करार सम्झौता र म्याद थप – गाउपालिकाको अनुदान प्राप्त शिक्षकको नियुक्ति र म्याद थप सम्वन्धि व्यवस्था देहाय अनुसार हुनेछ ।

क. शिक्षक छनौट समितिवाट सिफारीस भएका उम्मेदवारलाइ छनौट समितिवाट सिफारीस भएको मितिले सात दिन भित्र विधालय व्यवस्थापन समितिवाट निर्णय गराइ वढीमा एक आर्थिक वर्षकोलागि करारको रूपमा प्र.अ.ले करार संझौता गरी सोको जानकारी गाउ शिक्षा शाखामा दिनुपर्नेछ ।

ख. छनौट समितिवाट सिफारीस भएका उम्मेदवारलाइ सम्वन्धित विधालयले तोकिएको म्याद भित्र करार संझौता गाउ शिक्षा समितिले त्यस्ता विधालयको अनुदान कोटा आवश्यकताको आधारमा अन्य विधालयलाइ दिन सकनेछ ।

ग. गाउपालिकावाट वितरण गरिने अनुदान कोटा एक पटकमा एक आर्थिक वर्षमा नवढाइ विधालय व्यवस्थापन समितिले करार संझौता गर्न सकनेछ।

९ काम कर्तव्य

गाउपालिकाको अनुदानवाट नियुक्त भएका शिक्षकहरूको काम कर्तव्य गाउ शिक्षा नियमावलिमा तोकिएको हकमा सोहि वमोजिम र नतोकिएको हकमा संघिय शिक्षा एन नियमावलि वमोजिम हुनेछ ।

## परिच्छेद ४

१० निकासा प्रक्रिया

क) गाउपालिकाको अनुदान रकमवाट तलव भत्ता खाने शिक्षकहरूको अभिलेख राखिनेछ ।

ख) शिक्षकहरूको चौमासिक माग फारम विधालयवाट संकलन गरिनेछ ।

ग) शिक्षकहरूको माग फारम सगै करार सम्झौता पत्रको प्रतिलिपि , हाजिरी प्रमाणित प्रतिलिपी तथा विधालयको सिफारीस अनिवार्य रूपमा समावेश गर्नुपर्नेछ ।

घ) माग फारम रूजु पश्चात विधालयको खातामा चौमासिक रूपमा रकम निकासा गरिनेछ ।

## परिच्छेद ५

११ शिक्षक अनुदान रकम देहाय वमोजिम उपल्वध गराइनेछ ।

क) आधारभुत तह ( कक्षा १-५ ) मासिक रू १७०००। का दर ले १३ महिना वरावरको

ख) आधारभुत तह ( कक्षा ६-८ ) मासिक रू १९०००। का दर ले १३ महिना वरावरको

ग) माध्यमिक तह ( कक्षा ९-१० ) मासिक रू २५०००। का दर ले १३ महिना वरावरको

घ) माध्यमिक तह ( कक्षा ११-१२ ) मासिक रू ३००००। का दर ले १३ महिना वरावरको

## परिच्छेद ६

१२ गाउपालिकाको अनुदान रोक्का वा वन्द हुन सकिने- विधालयमा उपल्वध गराइने गाउपालिकाको अनुदान देहायवमोजिमको अवस्थामा गाउँ शिक्षा समितिको सिफारीसमा गाउँकार्यपालिकाले रोक्न वा वन्द गर्न सकिनेछ ।

क) शिक्षक वा कर्मचारीको दरवन्दि स्थायि रूपमा सिर्जना वा पदपुर्ति भइ आएमा
ख) संघिय वा प्रादेशिक सरकारवाट शिक्षक वा कर्मचारीको व्यवस्थापनको लागि अनुदान प्राप्त भएमा
ग) विधालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा
घ) गाउँकार्यपालिकाले मनासिव ठहराएका अन्य आधार

## परिच्छेद ७

१३ विदा

क) शिक्षकले वर्ष भरीमा भैपरी विदा ६ दिन पर्व विदा ६ दिन विरामी विदा १२ दिन र किरीया विदा शिक्षा नियमावलि अनुसार १५ दिन , सुत्केरी विदा सुत्केरी हुनु अघि वा पछि गरी ९८ दिन र प्रसुति स्याहार विदा १५ दिन पाउनेछ ।
ख) विदामा वस्नुपुर्व स्वीकृति लिइ वस्नुपर्नेछ ।
ग) विदा अधिकार नभै सहलियत मात्र  हो ।

१४ काज

क) विधालयमा कार्यरत शिक्षकले विधालयको कामले प्र.अ. को स्विकृतिमा वढीमा सात दिन सम्म काजमा जान सक्नेछ ।
ख) काजमा जादा कानुन अनुसार सुविधा विधालयले निर्णय गरे वमोजिम उपल्वध गराउन सक्नेछ ।
ग) अनुदानवाट नियुक्त शिक्षकलाइ आवश्यकता अनुसार गाउ शिक्षा शाखाले काजमा खटाउन सक्नेछ ।

## परिच्छेद ८

१५ आचार सहिता गाउपालिकाको  अनुदानवाट नियुक्त शिक्षकले तपशिल अनुसारको आचार संहिता पालना गर्नुपर्नेछ ।

क) नियमित रूपमा विधालयले तोकेको पोशाकमा हाजिर भइ अनुशासित रूपमा तोकिएको आफ्नो जिम्मेवारी पुरा गर्ने
ख) विधार्थि र शिक्षक विच मर्यादित व्यवहार गर्ने
ग) आफ्नो पेशा प्रति इमानदारी रहि विधालयको चौतर्फि विकासमा जोड दिने
घ) जुन सुकै परिस्थितिमा पनि विधालयका गोप्य रारव्रुपर्ने कुराहरूलाइ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रकट गर्न पाइने छैन ।
ङ) पद अनुसारको आचरण पालना गर्नु पर्नेछ ।
च) विधालयको हित विपरीत कार्यमा सहभागि भइ कार्यलय घेराउ गर्ने तालावन्दि गर्ने शारिरीक तथा मानसिक दवाव दिने उदेश्यले कुनै किसिमको कार्य गर्ने वा गराउन पाइने छैन ।
छ) मादक पदार्थ सेवन गरी विधालय परिसर भित्र प्रवेश गर्न पाइने छैन ।
ज) आर्थिक अनुशासन भित्र वस्नुपर्नेछ ।
झ) शिक्षक कर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचरण संघिय शिक्षा एन तथा नियमावलिमा उल्लेख भए अनुसार हुनेछ ।

## परिच्छेद ९

१६ सजाय  - उचित र पयार्स प्रमाण र कारण भएमा गाउपालिका अनुदानवाट नियुक्त शिक्षकलाइ विधालय व्यवस्थापन समितिले जुनसुकै वेला पनि निज संग गरेको करार सम्झौता रद गर्न सकनेछ र सोको जानकारी ३ दिन भित्र गाउपालिका शिक्षा शाखामा जानकारी दिनुपर्नेछ ।

क) विधालयमा नियमित अनुपस्थिति रहने , (विदा स्विकृत नगराइ वढीमा सात दिन सम्म)
ख)  आफ्नो पदिय जिम्मेवारी पुरा नगर्ने
ग) अनुशासनहिन काम गरेमा
घ) विधालय प्रशासनले दिएको निर्देशन पालना नगरेमा
ङ) विधालयको गोपनियता भंग गरेमा

च) राजनितिमा भाग लिएमा

छ) मादक पदार्थ सेवन गरी विधालयमा नियमित उपस्थिति भएमा

ज) विधालयको हित विपरीत कार्यमा सहभागि भइ कार्यलय घेराउ गर्ने तालावन्दि गर्ने शारिरीक तथा मानसिक दवाव दिने उदेश्यले कुनै कार्य गरेमा

झ) गाउपालिकाको निर्देशनलाइ पालना अटेर गरेमा ।

१७ आवश्यक क्षतिपुर्ति भराउने- गाउपालिकाको अनुदानवाट करार सम्झौता वाट नियुक्त शिक्षकले जानजानी लापरवाही गरी विधालयलाइ कुनै हानी नोक्सानि गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आशिंक वा पुरा निजको तलववाट कटटा गरी असुल उपर गरिनेछ ।

परिच्छेद १०

१८ विविध

क) यस निर्देशिका संसोधन गर्ने अधिकार गाउ कार्यपालिकामा रहनेछ ।

ख) यस निर्देशिकामा उल्लेखित कुनै व्यवस्थाका विषयमा कुनै दुविधा भएमा गाउ कार्यपालिकाको निर्णय अन्तिम रहनेछ ।